# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## मेलम्ची, सिन्धुपाल्चोक
## ३ नं. प्रदेश, नेपाल

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति :- २०७४/११/०२

मेलम्ची नगरकार्यपालिकाको मिति २०७४।१०।२८ गतेको बैठकबाट तपशिल बमोजिमका पदहरूका लागि कर्मचारीहरू सेवा करारमा नियुक्ति गर्ने निर्णय भएकोले देहाय बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट रितपूर्वक दरखास्त दिनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

**(१) पद : सब-इन्जिनियर (सहायकस्तर पाँचौ ) विज्ञापन नं. ०१/०७४/७५) : १ (एक)**

- योग्यता : लोक सेवा आयोगले लिने सिभिल सब-इन्जिनियर पदको न्यूनतम शैक्षिक योग्यता वा मान्यता प्राप्त विश्वविद्यालयबाट Diploma in Civil Engineering उर्तीण गरेको ।
- उमेर : २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।

**(२) पद : असिस्टेन्ट सब-इन्जिनियर (सहायकस्तर चौथो ) विज्ञापन नं. ०२/०७४/७५) : ३ (तिन)**

- योग्यता : लोक सेवा आयोगले लिने अ.स.ई. पदको न्यूनतम शैक्षिक योग्यता वा प्राविधिक एस.एल.सी. उर्तीण गरेको ।
- उमेर : २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।

(३) दरखास्त फाराम : लोक सेवा आयोगले तोकेको ढाँचा अनुसार ।

(४) दरखास्त दिने अन्तिम मिति : २०७४ फाल्गुण १६ गते बुधवार दिनको ५:०० बजेसम्म ।

(५) संलग्न गर्नुपर्ने कागजातहरू : व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाल बाहिरबाट शिक्षा हासिल गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गरिएको प्रमाणपत्र, कार्य अनुभवको प्रमाणित प्रतिलिपि तथा सव-इन्जिनियरको र असिस्टेन्ट सब-इन्जिनियरको हकमा नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपिहरू।

(६) आवेदन शुल्क : सव- इन्जिनियर पदको लागि रू. ५००।-, असिस्टेन्ट सब-इन्जिनियर पदको लागि रू. ४००।- मात्र ।

(७) उम्मेदवार छनौटको तरिका : Short Listing र अन्तर्वार्ता ।

(८) आवेदन दिने तरिका : माथि बुँदा नं. ७ मा उल्लेखित प्रमाणपत्रहरूको प्रतिलिपि र बुँदा नं. ८ मा उल्लेख भए बमोजिमको राजस्व मेलम्ची नगरपालिका कार्यालयको राजस्व शाखामा बुझाई उम्मेदवार स्वयं उपस्थित भई आवेदन दिन सकिनेछ । साथै परीक्षा फाराम मेलम्ची नगरपालिकाको वेवसाइट www.melamchimun.gov.np बाट Download गरी प्राप्त गर्न सकिनेछ ।

(९) उम्मेदवार छनौट (Shot Listing) का आधारहरू देहाय बमोजिम हुनेछन् :

| क्र.सं. | सूचकहरू |
|---|---|
| १ | शैक्षिक योग्यता |
| २ | कार्य अनुभव (सूचना अनुसार न्यूनतम शैक्षिक योग्यता हासिल गरे पश्चात) |
| ३ | उम्मेदवारको स्थायी ठेगाना |
| ४ | स्थानीय तहमा कार्य अनुभव भएको |

(१०) तलब स्केल : नेपाल सरकारबाट स्वीकृत तलब स्केल अनुसार ।

(११) सेवा करार अवधि : २०७५ आषाढ मसान्तसम्म ।

(१२) थप जानकारीको लागि : मेलम्ची नगरपालिका कार्यालयको फोन नं. ०११-४०११४१ र ०११-४०१०८९ मा सम्पर्क गर्न सकिनेछ ।

(१३) सूचनामा उल्लेख भएका भन्दा बाहेकको हकमा पदपूर्ति समितिको निर्णयानुसार हुनेछ ।

पदपूर्ति समिति

2074/10/28

प्रमुख प्रशासकीय अधिकृत